# सरकारी निकायले वितरण गरिरहेको औषधि

***- दीपेन्द्र खनिया***

**सारांश :**

शुल्क नलाग्ने आशामा स्वास्थ्य चौकी पुग्ने धेरै गरीब नेपालीलाई सित्तैंमा पाएको औषधिले सबै रोग निको पार्छ भन्ने पक्का छैन । रोग निको हुने आशमा औषधि खाँदा खाँदा धेरैले ज्यान गुमाइसकेका छन् । कारण सर्वसाधारणलाई नि:शुल्क वितरण गर्न बोलपत्रमार्फत् सस्तोमा खरिद गरिएको औषधि गुणस्तरहीन भएको भेटिएको छ ।

केही समय अगाडि मात्रै श्री ५ को सरकार अन्तर्गत रहेका विभिन्न स्वास्थ्य चौकीमा वितरण गरिरहेको केही औषधि गुणस्तरहीन भएको कुरा प्रयोगशाला परीक्षण पछि प्रमाणित गरिसकेको छ र तुरुन्तै औषधि व्यवस्था विभागले श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभाग अन्तर्गतको आपूर्ति व्यवस्था महाशाखालाई एउटा पत्र लेख्दै गुणस्तरहीन भएको औषधि तुरुन्तै फिर्ता गर्न निर्देशन दिएको थियो ।

औषधि व्यवस्था विभागले चिठीमार्फत् आपूर्ति व्यवस्था महाशाखालाई फिर्ता गर्नु भनी निर्देशन दिएको औषधिहरूमा नेसनल हेल्थ केयर वीरगन्जको ब्याच नं. १३६९ को दुखाइ कम गर्ने 'आईब्रुफेन ट्याब्लेट', मनोज फर्मासिटिकल्स धरानको ब्याच नं. ५१०६ को टाउको दुखाइ कम गर्ने 'एस्पिरिन' र 'एमिनोफाइलिन' नामको औषधि, हिन्दुस्तान फर्मासिटिकल्स बरौनी भारतको ब्याच नं. ४१०६ को वाटर फर इन्जेक्सन (इन्जेक्सन दिनुअघि सुई सफा गर्न प्रयोग गरिने पानी), वियदीप भैंसेपाटीको इन्जेक्सन स्लाइन र सिटी एल फर्मासिटिकल्स भक्तपुरले उत्पादन गरेको क्षयरोगको औषधि पाइराजिनामइट) ब्याच नं. १९०), हुकाम फर्मासिटिकल्सको ब्याच नं. ९०६ को जीवन जल (झाडापखाला लाग्दा प्रयोग हुने), विराट फर्मासिटिकल्सको एक सय मिलीग्रामको कोटिमोक्साजोल (एन्टिबायोटिक्स) आदि रहेका छन् ।

साउनको पहिलो सातामा राजधानीबाट प्रकाशित हुने एउटा राष्ट्रिय दैनिकले पूर्वी नेपालको एउटा जिल्लामा जिल्ला जनस्वास्थ्य कार्यालयले खरिद गरेको लाखौँका औषधि गुणस्तरहीन भएको भेटिएको समाचार छापेको थियो । तर त्यसपछि त्यो औषधि कहाँ पुग्यो, गुणस्तरहीन औषधि खरिद गर्नेहरू माथि के कति कार्बाही भयो भन्ने त्यो खबर चाहिँ बाहिर आउन सकेको छैन । यसबाट पनि के देखिन्छ भने औषधि गुणस्तरहीन छ भन्ने थाहा पाउँदा पाउँदै पनि सर्वसाधारणले चाहिँ रोग निको हुने आशमा पीठो मिसिएका गुणस्तरहीन औषधि खान बाध्य छन् । तर चिकित्सकहरूको भनाइमा "कम गुणस्तर भएका नक्कली औषधिको बढ्दो प्रभावले चिकित्सा पेशालाई नै अविश्वासिलो बनाउँदै गएको छ । यसले गर्दा गरीब नेपाली महङ्गो उपचार खर्चबाट थिचिएका छन् । चिकित्सा पेशा अविश्वासिलो बन्दै गएको छ ।"

नक्कली औषधिबाट अपेक्षा गरे अनुसारको उपचार पाउन सकिँदैन । रोग समयमै निको हुँदैन । विरामीको रोग समयमा निको नहुँदा चिकित्सकहरूले थप कडा खालका औषधि सिफारिस गर्छन् । जसले गर्दा सामान्य रोगका लागि कडा औषधिमा भर पर्ने बानी विरामीलाई पर्छ भने गरीब नेपाली यसै त महङ्गो उपचार गर्न बाध्य छन् उनीहरूको थाप्लोमा थप आर्थिक भार पर्छ ।

स्वस्थ रहन पाउनु एउटा देशको नागरिकको लागि नैसर्गिक अधिकार हो भने नागरिकको स्वास्थ्यप्रति सरकार सधैँ उत्तरदायी हुन्छ ।

नेपालमा आधारभूत स्वास्थ्य कार्यक्रमको लागि आर्थिक रूपमा सहयोग पुऱ्याउँदै आएको दातृ राष्ट्र जर्मनीले सोही कार्यक्रम अन्तर्गत रहेर वर्षेनि औषधि खरिदका लागि पनि झण्डै ४० प्रतिशत (४ करोड रुपैयाँ) सघाउँदै आएको छ । बाँकी ६० प्रतिशत (लगभग ६ करोड रुपैयाँको) औषधि चाहिँ श्री ५ को सरकारले सर्वसाधारणबाट उठाएको करबाटै खरिद गर्ने गरेको छ ।

गत वर्ष मात्रै श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभाग अन्तर्गतको आपूर्ति व्यवस्था महाशाखाले झण्डै ८ करोडभन्दा बढीको औषधि खरिद गरेको थियो । झण्डै ९९ प्रतिशत औषधि नेपाली औषधि उद्योगले सप्लाई गरेका छन् । १ प्रतिशत इन्जेक्सन मात्र विदेशबाट आयात गरिएका छन् । यो बाहेक जिल्ला जनस्वास्थ्य कार्यालय, क्षेत्रीय कार्यालयले र केन्द्रीय अस्पतालले चाहिँ आफ्नै हिसाबले उत्तिकै परिणाममा औषधि खरिद गरिआएका छन् ।

बजारमा औषधि उद्योग बीचको प्रतिस्पर्धा एकातिर छ भने अर्कोतिर चाहिँ सरकारी निकायले खरिद गर्ने औषधिको परिमाण ठूलो छ । चर्को प्रतिस्पर्धामा ओर्लिएका व्यापारी बीचको प्रतिस्पर्धाले औषधिको गुणस्तरमा पनि शंका गरिनु एउटा कारण भएको छ ।

औषधिमा कच्चा पदार्थको सही मिसावट नहुँदा बढी मात्रामा कम गुणस्तरका औषधि भेटिएका छन् । औषधि व्यवस्था विभागकै एकजना फर्मासिष्ट अनुसार, एस्पिरिन नाम गरेको औषधिमा कच्चा पदार्थको सही मिसावट थिएन । जसको कारण विरामीले खाएको आधा घण्टामा पेटमा गएर पग्लिनुपर्ने औषधि प्रयोगशाला परीक्षण गर्दा साढे एक घण्टामा पग्लिएको थियो । यस्तो भेटिनुको मुख्य कारण नै कच्चा पदार्थको सही मिसावट नहुनु हो । फर्मासिष्ट भन्छन्, “अब त्यो औषधि विरामीले रोगले च्यापेको बेला प्रयोग गऱ्यो भने शरीरमा गएर काम गर्ला सञ्चो होला भनेर विश्वास नगरे पनि हुन्छ । औषधि जस्ताको त्यस्तै दिसा मार्फत् बाहिर निस्कन्छ ।”

यो त उदाहरण मात्रै हो । सरकारले सर्वसाधारणलाई निःशुल्क वितरण गर्न वर्षेनि खरिद गर्ने करोडौंको औषधिमा मात्रै नभई बजारमा बिक्री वितरण भइरहेकामध्ये झण्डै २० प्रतिशत औषधि कम गुणस्तरको भएको अनुमानसम्बन्धित क्षेत्रका विशेषज्ञहरूको छ । यीमध्ये ९० प्रतिशत औषधिमा कच्चा पदार्थको सही मिसावट हुँदैन । केही उत्पादनको समयमा ध्यान नपुऱ्याउँदा र बाँकी १० प्रतिशत मात्रै उपयुक्त भण्डारणको व्यवस्था नहुँदा कम गुणस्तरका भेटिन्छन् । यसरी औषधिको गुणस्तरमा जिम्मेवार निकाय औषधि व्यवस्था विभागले जिम्मेवारी वहन गर्न सकेको देखिँदैन । औषधि व्यवस्था विभागले औषधि उद्योग माथि कडा निगरानी, बेला बेलामा छड्के जाँच गर्न नसक्दा पनि सर्वसाधारणको स्वास्थ्यप्रति प्रत्यक्ष प्रभाव पार्ने औषधि कम गुणस्तरका भेटिन थालेका छन् भने अर्कोतिर वर्षेनि करोडौं रुपैयाँको औषधि किन्न सक्ने आपूर्ति व्यवस्था महाशाखाले आफ्नो क्षेत्रीय कार्यालयमा वाहेक औषधि भण्डारणमा चासो नदेखाउँदा पनि करोडौं नेपालीले एउटा रोगका लागि औषधि खाएर अर्को रोग निम्त्याइरहेका छन् ।

# आर्थिक सहायता, चन्दा, पुरस्कार : बाँडिखाने मेलो

– *सन्जीव अधिकारी*

**सारांश :**

पूर्वाञ्चल क्षेत्रका चर्चित गायक उपेन्द्र 'दुःखी' विगत लामो समयदेखि मुखको क्यान्सरबाट ग्रस्त हुनुहुन्छ । आफ्नै खर्चबाट उपचार गर्ने सामर्थ्य नभएकाले आर्थिक सहयोगका लागि नेताहरू कहाँ धाउँदा-धाउँदा उहाँ थाकिसक्नुभयो ।

प्रधानमन्त्री, गृहमन्त्री लगायत पूर्वाञ्चल क्षेत्रमा प्रायः सबै नेताहरूको 'क्वार्टर' चहारिसक्नुभएका गायक उपेन्द्र दुःखी राज्यले आर्थिक सहयोग नगरेकोमा निकै दुःखी हुनुहुन्छ । सर्वनाम पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार लगायत थुप्रै सम्मान तथा पुरस्कार पाइसक्नुभएका उपेन्द्र दुःखीले २०० जति गीतमा सङ्गीत पनि दिनुभएको छ । राज्यले सहयोग गर्ने कुनै छाँट नदेखेपछि गायक दुःखीले अब आर्थिक सहयोगका लागि कलाकार साथीहरूलाई नै गुहार्न थाल्नुभएको छ ।

उपेन्द्र दुःखी जस्तै धनाढ्य पूर्व प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायलाई पनि एक पटक रोग लागेछ । उहाँले आर्थिक सहयोग दे भनेर सरकारलाई थर्काउनुभयो र सरकारले हत्त न पत्त ५ लाख रुपैयाँ उपलब्ध गरायो । त्यसैगरी सचिव वरुणप्रसाद उपाध्याय, आयुक्त माधव दत्त भट्ट, नेता मिठाराम बजगाईं जस्ता थुप्रै व्यक्तिहरू पनि राज्यबाट आर्थिक सहयोग लिन सफल हुन्छन् । तर एउटा कलाकार तथा गीत सङ्गीतमा रम्ने र अरूलाई रमाउने उपेन्द्र दुःखी जस्ता जनताका प्यारा व्यक्तिहरू भने राज्यको आर्थिक सहायताबाट सधैँ वञ्चित हुन्छन् ।

अशक्त, गरीब, पीडित र देशका प्रतिष्ठित व्यक्तिहरूको उद्धार गर्न सरकारीस्तरमा एउटा कोष स्थापना गरिने परम्परा छ । आर्थिक सहायता, चन्दा र पुरस्कार नाम भएको यो कोष गृह मन्त्रालय अन्तर्गत रहन्छ र गृहमन्त्री नै यो कोष बाँडफाँड गर्ने प्रमुख व्यक्ति हुन्छ । प्रजातन्त्र पुनर्स्थापना भएको १२ वर्षयता गृह मन्त्रालयको मातहतमा रहेको यो कोषको सदुपयोग र दुरुपयोग दुवै व्यापक मात्रामा भएका छन् ।

आसचपु कोष २०४६ सालपछि पनि व्यापक मात्रामा दुरुपयोग भइरह्यो । भर्खरै प्रजातन्त्रको अनुभूति गरेका धेरै नेता, कार्यकर्ताहरूले यो कोषलाई राजधानीमा बसिखाने मेलो बनाए । त्यसबेला विशेषतः औषधि उपचारका नाममा यो कोषको दुरुपयोग हुन्थ्यो । प्रजातन्त्र आएको ६ वर्षपछि मात्र सार्वजनिक लेखा समितिले आसचपु कोषमा भइरहेको दुरुपयोग रोक्न २०५२ साल पुस १७ गते गृहमन्त्रालयलाई संसदको अधिवेशनमा आसचपु लिने व्यक्तिहरूको नाम सदनमा पेश गर्न निर्देशन दियो । समितिको निर्देशन पछि पनि मन्त्रालयले विभिन्न मापदण्ड बनाएर आसचपु वितरण गरिरहेको छ ।

आसचपुका रूपहरू थुप्रै छन् । राजनीतिक पिडीत सहायता समिति, औषधोपचार, दैवी प्रकोप पिडित कोष, माओवादीः पिडित कोष लगायत धेरै नामबाट आसचपु वितरण हुन्छ ।

२०४८ साल असोज २१ गते बसेको मन्त्रिपरिषदको बैठकले नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा राजनीतिक पीडित सहायता समिति गठन गऱ्यो । तर हरेक पक्षमा नैतिकहीनता र भ्रष्टाचारले जरो गाडिसकेको परिवेशमा राजनीतिक पीडितको नाममा ठूलै रकम कुम्ल्याउन एउटा ठूलै समूह सक्रिय भयो; विशेष गरी नेताहरूकै सक्रियतामा । सहायताका नाममा ठूलो रकम हात पर्नसक्ने देखेपछि सहायता उपलब्ध गराउन सिफारिस गरिदिएर कमिशन खाने ठूलो जमात खडा भयो ।

महालेखा परीक्षकले वर्षेनि सार्वजनिक गर्ने आफ्नो प्रतिवेदनमा समिति अन्तर्गत वितरण भइरहेको 'सहायता रकममा' अनियमितता हुने गरेको उल्लेख गर्दछ । तर पनि वितरणलाई नियमित बनाउन कुनै पहल गरिएको छैन । राजनैतिक पीडित आर्थिक सहायता समितिले २०४८ सालमा स्थापना भएपछि २०५९ असार मसान्तसम्ममा १८ करोड ६६ लाख रुपैयाँ भन्दा बढी

आर्थिक सहायता वितरण गरिसकेको छ । २०५९ साल वैशाख २० गते म्याद सिद्धिसकेको यो समितिले थप २ करोड ६० लाख रुपैयाँ भुक्तानी दिने गरेको निवेदन स्वीकृत गरिसकेको छ ।

२०५२ साल कात्तिक २८ गते सुनसरीका एक शहीदका छोरालाई १ लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराइएको तथ्याङ्क छ तर अहिलेसम्म पनि ती व्यक्तिले रकम लिएको प्रमाण समितिसँग छैन ।

महालेखा परीक्षकको प्रतिवेदनले स्पष्ट शब्दमा भनेको छ "प्रयोजन नखुलाई दिइएको अनुदान सहायता पाउनेले त्यस्तो सहायता जसरी, जस्तो कार्यमा प्रयोग गरे पनि हुने भयो ।"

मन्त्री र सांसदहरूले औषधोपचारका लागि भनेर आसचपुको निकै दुरुपयोग गरेका छन् । औषधोपचारका लागि मन्त्री र सांसदहरूले पदको दुरुपयोग गरिरहेको सार्वजनिक भएपछि प्रतिनिधि सभा सार्वजनिक लेखा समितिले २०५४ साल भदौ ५ गते परि थापाको संयोजकत्वमा ३ सदस्यीय उपसमिति गठन गरेको थियो । यो उपसमितिको छानबिन पछि संसद तथा मन्त्रिपरिषदका सदस्यहरूले गर्ने दुरूपयोगको खुलासा भएको हो ।

सांसदहरूले सुत्केरी हुँदा र अत्यन्तै चिन्ताजनक अवस्थामा प्रयोग गरिने ओखतीहरू रोग नलागिकनै पैसा कमाउने उद्देश्यबाट नक्कली बिल भौचर बनाई खाने गरेको रहस्योद्घाटन भयो । मन्त्री तथा सांसदहरूले २०४९/०५० देखि २०५३/०५४ सम्म झण्डै डेढ करोड रुपैयाँ ओखतीको निउँमा कुम्ल्याएको तथ्याङ्क छ ।

आसचपुका रूपहरू थुप्रै छन् । केन्द्रीय दैवी प्रकोप उद्धार समिति, जिल्ला दैवी प्रकोप उद्धार समिति, लगायत क्षतिपूर्तिका नाममा पनि वर्षेनि लाखौं रुपैयाँ खर्च हुने गरेको छ ।

तर रकम भुक्तानी गर्दा घाइते व्यक्तिले नै वा परिवारले रकम प्राप्त गरेको निश्चित हुने नागरिकताको प्रतिलिपि र नाता प्रमाणित कागजात जस्तो कुनै प्रमाण मन्त्रालयसँग हुँदैन । यसले आर्थिक सहायताका दुरुपयोग भइरहेको कुरालाई पुष्टि गर्दछ ।

# भन्सारमा झाङ्गिएको भ्रष्टाचार

*– हिमाल न्यौपाने*

**सारांश :**

दर्जनौं थान सिल्क कपडा, सयौं पिस कष्टमेटिक सामानहरू, १८०४ थान चस्माको फ्रेम, दर्जनौ टिसर्ट पश्मिना सलहरू व्यापारिक नभई घरायसी सामान भएको भन्ने बयानका आधारमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयले जफत गरेको सामान फिर्ता दिई राजस्व असुल गर्नु नपर्ने निर्णय गऱ्यो । झण्डै दुई वर्ष अघिको यो विवादास्पद निर्णय गलत थियो, भनेर पछि, महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले पनि लेख्यो ।

मुद्दा नम्बर २०।२०५६।५७ को यो निर्णयमा भारत लैजान लागिएका १८०४ थान चश्माको फ्रेम पनि घरायसी उपहार हुनसक्छ भन्ने निर्णय भन्सार कार्यालय आफैंले गऱ्यो । जबकि ती सामानहरू गुन्टा झिटी भारी नियम बमोजिम पनि उपहार स्वरूप अन्य देश लैजान पाइने नियम थिएन । यो घटना त भन्सार प्रज्ञापन पत्र घोषणा नगरी सीधै लैजान खोज्दा जफत गरिएका सामान छोड्ने कुरा भयो ।

नियम पुऱ्याएर सामान निकासी गर्नेहरूले पनि भन्सार राजस्व छलेर बढी सामान बाहिर पठाउन भन्सार कर्मचारीहरूकै सहयोग लिने चलन भन्सार कार्यालयमा छ । भन्सार एजेन्टहरूले भन्सार प्रज्ञापन पत्रमा घोषणा भएको भन्दा बढी सामान निकासी गर्दा थोरै राजस्व तिर्न भन्सार कर्मचारीहरूसँग मिलेमतो गरेका हुन्छन् । यो मिलेमतोले भन्सार गोदाम पुग्ने प्याकिङ्ग सामानको जाँचपास प्रक्रियालाई नै फितलो बनाइदिएको छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालयका जाँचपास अधिकारीहरूले, यसका लागि, भन्सार एजेन्टहरूसँग निश्चित रकम असुलेका हुन्छन् ।

कार्गो व्यवसायीहरूका अनुसार, दर्ता भएको सामान भन्सार जाँचकीले जाँचपास गरी भन्सार शुल्क निर्धारण गर्छन् । र, जाँचपास भएको सामानमा थप सामान नथपोस् वा छुट्टै अर्को सामान नराखोस् भनेर भन्सार अधिकारीहरूले सामान प्याक गरिएको बक्साको चारै कुनामा शिलछाप लगाउनुपर्ने नियम छ । तर रकम लेनदेनको आधारमा यसरी बक्सामा शिलछाप लगाइने प्रक्रियालाई नै भन्सार कर्मचारीहरूले फितलो बनाएका छन् । भन्सार कर्मचारीहरूले भन्सार एजेन्ट्सको मिलेमतोमा प्याकिङ्गमा सामानको बक्सा खोलिने ठाउँलाई छाडेर प्याकको दुईपट्टिको छेउछाउमा मात्रै शिलछाप टाँसेको देखिन्छ । सामान्यजस्तो लाग्ने जाँचबुझ प्रक्रिया र शिल टास्ने प्रक्रियालाई फितलो बनाउँदा ठूलो लेनदेनको कुरा पनि जोडिएको हुन्छ ।

यो अनियमिततालाई राजस्व चुहावट सम्बन्धी संयुक्त संसदीय समितिको प्रतिवेदनले पनि उठाएको थियो त्रिभुवन विमानस्थल भन्सार कार्यालयका तत्कालिन प्रमुख भन्सार प्रशासक तथा सहसचिव वालानन्द पौडेल पनि भन्सार कार्यालयमा अनियमितता भइरहेको स्वीकार्नुहुन्छ । तर अनियमिततालाई तुलनात्मक रूपमा मूल्यांकन गर्नुपर्ने तर्क प्रमुख भन्सार प्रशासक पौडेलको छ ।

तर भन्सारमा अनियमितता कम हुँदै गएको भन्सार अधिकारीहरूको तर्कसँग राजस्व चुहावट नियन्त्रण सम्बन्धी संसदीय समितिका संयोजक सांसद परि थापा सहमत हुनुहुन्न ।

संयोजक सांसद परि थापाका अनुसार, भन्सारमा काम गर्ने भ्रष्ट कर्मचारी र तस्करी गर्ने व्यापारीहरूलाई माथिल्लो तहका कर्मचारी र राजनीतिक नेतृत्वले संरक्षण गरिरहेको स्थितिमा अनियमितता कम भएको भन्न सकिंदैन ।

राजस्वको न्यून वृद्धिदर हुनुमा प्रमुख जिम्मेवार मानिएको राजस्व चुहावट नियन्त्रण गर्न अर्थमन्त्रालय अन्तर्गत ३ वटा विभाग छन् । यी विभाग अन्तर्गत आ-आफ्ना स्थानीय स्तरका निकायहरू पनि कार्यरत छन् । यी निकायहरूलाई आ-आफ्नो क्षेत्रको राजस्व चुहावट नियन्त्रण गर्न ऐन कानूनले अधिकार पनि दिएको छ । कानूनले जति अधिकार दिए पनि राजस्व चुहावट रोकिएको छैन । राजस्व चुहावट नियन्त्रणका लागि व्यवस्था गरिएका निकायहरूले काम गर्नसकेको देखिंदैन । राजस्व अनुसन्धानको

जिम्मा लिएको मुख्य थलो पुल्चोकस्थित राजस्व अनुसन्धान विभाग पुग्दा लाग्छ यो कुनै राजस्व अनुसन्धानको केन्द्रीय निकाय नै होइन । ५१ जनाको संख्यामा रहेका राजस्व गस्तीका कर्मचारीहरूको चहलपहल र विभागका महा-निर्देशक दीप बस्न्यातको सुनसान कार्यकक्षले विभागको काम कारवाहीको प्रतिनिधित्व गर्छन् ।

महा-निर्देशक बस्न्यात पनि सुनसान कार्यकक्षमा खिन्न हुँदै भन्छन् "राजस्व छलीका अपराधहरू समातेर के गर्नु, कार्बाही गर्ने अधिकार नै छैन । जति पनि राजस्व छलीका अपराधीहरू समातिन्छन्, कारवाहीको लागि सम्बन्धित भन्सार कार्यालय र भन्सार विभागमा पठाउनुपर्छ ।" महानिर्देशक बस्न्यातको भनाइ छ, के गर्ने हेर्नुस्, न, उही बोक्सी, उही धामी । महा-निर्देशक बस्न्यातका अनुसार, राजस्व छली कार्यमा संलग्न भन्सार अधिकारीहरूको बारेमा समेत अनुसन्धान गर्ने जिम्मा विभागलाई छ, तर कारवाहीका लागि उही भन्सार अधिकारीकै कार्यालयमा पठाउनुपर्छ । महानिर्देशक बस्न्यातको भनाइमा, राजस्व अनुसन्धान विभागलाई पछाडि हात बाँधेर काम गर भनिएको छ ।

११ महिनाअघि साउन ८ गते भक्तपुर जिल्लाको ठिमी नगरपालिकामा बेवारिसे अवस्थामा रहेको वा १ ख ५५८८ अशोका लैण्ड ट्रकमा राखिएको ३९६४४८ केजी जेन्टामाइसिन सल्फेट राजस्व अनुसन्धान विभागले बरामद गऱ्यो । यो सामान सँगै ५५ थान विभागले वरामद गऱ्यो । ट्रकसँगै वरामद रसायन र अन्य सामान विभाग ल्याएपछि सामान जाँचेर आवश्यक कारवाही गर्न विभागले त्रिभुवन विमानस्थल भन्सार कार्यालय पठायो । यहाँ बरामद सामानलाई कार्बाही भन्नुको अर्थ लिलामी हो ।

तर लिलामी गर्न पठाएको सामान ११ महिना वित्दा पनि लिलामी नभएपछि, राजस्व अनुसन्धान विभागका महानिर्देशकलाई आफ्नो कार्यकारी अधिकार नभएको महसूस भयो । महानिर्देशक बस्न्यातको भनाइमा, बरामद गरिएको 'जेन्टामाइसिन' लिलाम नहुँदा झण्डै ५० लाख रूपैयाँको नोक्सानी सँगसँगै बरामदमा सघाउने सुराकीलाई समेत पुरस्कार दिन सकिएन । कारण, 'जेन्टामाइसिन' को रसायनको म्याद सकिएकाले अब त्यो लिलाम हुन सक्दैन र लिलाम नभएपछि अन्य कोषबाट सुराकीलाई रकम दिन मिल्दैन ।

महानिर्देशक बस्न्यातले, सामान लिलाम नहुनुको दोष त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई दिए पनि, बेवारिसे सामान बरामद हुनासाथ लिलाम गर्न पठाउनुलाई नै धेरैले रहस्यपूर्ण मानेका छन् । २०५५ साल बैशाख २३ गते गठन भएको राजस्व चुहावट छानबिन सम्बन्धी संयुक्त संसदीय समितिको प्रतिवेदनले पनि राजस्व अनुसन्धान विभागका कर्मचारीहरूको संख्या र कार्यक्षमतामाथि प्रश्न उठाएको छ । राजस्व अनुसन्धान विभागमा खटिने र राजस्वका अन्य विभाग कार्यालयमा खटिने कर्मचारीहरू एउटै समूहमा रहेका हुन्छन् । प्रतिवेदनका अनुसार यसरी अनुसन्धान विभाग र कार्यालयमा खटिएको कर्मचारीले आफू राजस्व कार्यालयमा खट्दा वा खटिनुपर्दाको अवस्था ध्यानमा राखी वैमनस्यता साध्न नचाहने हुनाले यी दुई निकायका कर्मचारीहरूमा स्वतः मिलेमतो हुन्छ । भन्सार कार्यालयबाटै जाँचपास भएको सामानको परिमाण तल माथि हुनुका कारणहरूमाथि भने राजस्व अनुसन्धान विभागले छानबिन गरेको देखिँदैन । यसले पनि भन्सार कर्मचारी र अनुसन्धान कर्मचारीहरूको मिलेमतोलाई पुष्टि गर्छ । यसरी राजस्व चुहावट, नियन्त्रणमा संलग्न सरकारी निकायहरू बीच  नै समन्वय नहुँदा राजस्व संकलनमा सीधै नकारात्मक असर पुग्दछ ।

## आयोजनाका गाडी ठूलाबडाको हि हि !

*– दुर्गा कार्की*

**सारांश :**

वन तथा भू-संरक्षण मन्त्रालयका प्रमुख योजना अधिकृत मोहनप्रसाद वाग्लेलाई हिजोआज राजधानीबाट केहीपरसम्म विदा मनाउन जान कुनै समस्या छैन । उहाँ निर्धक्कसँग ६६-१-१४१ नम्बरको नीलो प्लेटको गाडी चढेर जुनसुकै ठाउँमा जान सक्नुहुन्छ ।

झण्डै ६ वर्षअघि विश्व खाद्य संगठन (FAO) ले संचालन गरेको जलाधार व्यवस्थापन आयोजना सकिएपछि उहाँले उक्त गाडी एकलौटी रूपमा प्रयोग गर्दै आउनुभएको छ । यसैगरी वन विभागका उप-महानिर्देशक डा. केशव कँडेल पनि ठूलो समस्याबाट मुक्त हुनुभएको छ । सेतो नम्बर प्लेटका गाडीहरू माथि विभिन्न क्षेत्रबाट औंला उठिरहेको भए पनि उहाँमाथि कसैले औंला उठाउन सकेका छैनन् । उहाँ ६६-१-१६६ नम्बरको कूटनैतिक सुविधा प्रँप्त कार चढेर आफूलाई मन लागेको दिन जहाँ पनि जान सक्नुहुन्छ । २०५२ सालमै आयोजना सकिएको यो कार सामुदायिक वन विकास कार्यक्रमको हो । आयोजना सकिएको झण्डै ८ वर्ष वितिसक्दासम्म उहाँले यो कारलाई आफ्नो निजी काममा प्रयोग गर्दै आउनुभएको छ ।

यी दुवै गाडीहरू ५ वर्षअघि नै कागजी रूपमा सेतो नम्बर प्लेटमा दर्ता भइसकेका छन् । सेतो नम्बर प्लेटमा दर्ता भइसक्दा समेत प्लेट परिवर्तन नगरी नीलै प्लेटमा चलाउन थालेपछि सम्बन्धित दातृ संस्थाले ताकेता पनि गरिसकेको छ । यसैगरी वन तथा भू-संरक्षण मन्त्रालयका सचिव चण्डी श्रेष्ठले पनि जापानी सहयोग नियोग ९क्ष्क्ष्ब० ले सञ्चालन गरिसकेको एउटा परियोजनाको सवारी साधन चढिरहनुभएको छ । ५ वर्षअघि नै सकिएको उक्त परियोजनाको सवारी साधन नम्बर २७-०-२५ पनि कागजी रूपमा सेतो प्लेटको भइसकेको छ ।

विभिन्न दात्रराष्ट्र तथा सस्थाद्धारा सन्चालित शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई क्षेत्रका विकास आयोजनाको अवधि सीमित हुन्छ । यस्ता परियोजनाको अवधि सकिएपछि यसमा प्रयोग भइरहेका सवारी साधनहरू सम्बन्धित देशले फिर्ता लैजान पनि सक्छन् । तर प्रायःजसो आयोजनाहरूले ती सवारी साधनहरू नेपालमै छाडेर जान्छन् । आयोजना सकिएपछि यस्ता सवारी साधनहरू श्री ५ को सरकारलाई हस्तान्तरण गर्नुपर्ने नियम छ ।

कूटनैतिक नम्बर प्लेटका सवारी साधनहरूको दर्ता, नामसारी वा स्वामित्व परिवर्तन जस्ता कुराहरूमा हाल तीन वटा निकायको प्रत्यक्ष संलग्नता हुन्छ- अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र यातायात व्यवस्था विभाग । कुनै पनि आयोजना परियोजना सकिएपछि अर्थ मन्त्रालयले स्वामित्व परिवर्तन गर्ने र तीन महिनाभित्र नीलो प्लेट हटाई सेतो प्लेट बनाउनुपर्ने सिफारिस सहित परराष्ट्र मन्त्रालयमा पठाउँछ । त्यसैगरी परराष्ट्र मन्त्रालयले नयाँ नम्बर प्लेट र सवारी साधनको नामसारी गर्ने सिफारिस सहित यातायात व्यवस्था विभागलाई पठाउँछ । यसपछिको सम्पूर्ण काम यातायात व्यवस्था विभागको हुने गर्छ । यातायात विभागका अनुसार अहिले कूटनैतिक नम्बर प्लेटका सवारी साधनहरूको संख्याले ५ हजार नाघिसकेको छ । विभागका निर्देशक छविराज पन्त परराष्ट्र मन्त्रालयबाट सिफारिस भई आए बमोजिम आफूहरूले नम्बर दर्ता र नामसारी गर्दै आएको बताउनुहुन्छ । तर नीलो नम्बर प्लेटका सवारी साधनहरूको दुरुपयोग नियन्त्रण गर्ने कानूनी अधिकार विभागलाई नभएको महानिर्देशक पन्त बताउनुहुन्छ । आयोजना वा परियोजना शुरु हुने र सकिएपछि त्यसका लागि ल्याइएका सवारी साधनहरूलाई नम्बर सहित नै परराष्ट्र मन्त्रालयबाट आउने गर्छ र त्यसै अनुरूप सिफारिस भई आएका आधारमा यातायात व्यवस्था विभागले नम्बर दर्ता गरिदिने काम गर्छ । महानिर्देशक पन्त 'सिफारिस भई आएका सवारी साधनहरूलाई लागु गरिदिने काम मात्र विभागको हो' भन्नुहुन्छ । उहां वैदेशिक सहयोगबाट प्राप्त कूटनैतिक नम्बर प्लेटका सवारी साधनहरूको अनुगमन विभागले गर्न सक्दैन' भन्नुहुन्छ । आयोजना वा

परियोजनासँग सम्बन्धित यस्ता कार्यहरु मन्त्रालयहरूले नै गर्नुपर्ने उहाँको तर्क छ । यस्तो कुराको अनुगमन गर्न कसको कति जिम्मेवारी हो भनेर  ऐनमा स्पष्ट उल्लेख गर्नुपर्ने पनि उहाँ बताउनुहुन्छ ।

परराष्ट्र मन्त्रालय कन्सुलर महाशाखाका कृष्ण पण्डित कूटनैतिक सुविधाका सवारी साधनहरू कहाँ कसरी दुरुपयोग भइरहेका छन् भनेर अनुगमन गर्न नसकिएको स्वीकार्नुहुन्छ । "कूटनैतिक सुविधा प्राप्त सवारी साधनहरूको नम्बर परिवर्तन गरी नामसारी गरिदिनु अर्थात् स्वामित्व परिवर्तन गरिदिनु भनेर परराष्ट्र मन्त्रालयले यातायात व्यवस्था विभागलाई सिफारिस गरेपछि बाँकी काम विभागकै हो" उहाँ भन्नुहुन्छ ।

यसै सम्बन्धमा जिज्ञासा राख्दा यातायात व्यवस्था विभाग अन्तर्गतको सवारी दर्ता तथा नामसारी गर्ने जिम्मा पाएको बाग्मती यातायात कार्यालयका प्रमुख सुनिलप्रताप सिंह पनि आफूहरूले स्पष्ट जिम्मेवारी नपाएको बताउनुहुन्छ । सेतो प्लेटमा दर्ता भइसकेको सवारी साधन नीलो प्लेटमै गुड्दा समेत कुन निकायले समात्ने भन्ने ऐनले नभनेको उहाँले पनि दोहोऱ्याउनुभयो ।

प्रतिनिधि सभा राज्यव्यवस्था समितिले २०५७ सालमा तयार गरेको अध्ययन प्रतिवेदनले पनि मन्त्रालयहरूले आफ्नो मातहतमा रहेका परियोजनाहरूबाट सवारी साधनहरू आफूतिर खिच्ने प्रवृत्ति अत्यधिक भएको उल्लेख गरेको छ । मन्त्रालय, विभागहरूमा आइपुगेका त्यस्ता सवारी साधनहरूको हस्तान्तरण र लगत राख्ने प्रक्रियामा व्यापक कमी कमजोरी देखिएको समितिको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनका अनुसार प्रायःजसो मन्त्रिपरिषदका सबै सदस्यहरूले आफ्नो मन्त्रालय, विभाग अन्तर्गतका आयोजनाका सवारी साधन आफूहरू लगायत निजी वा स्वकीय सचिवालयको नाममा खिच्ने गरेका छन् ।

२०५५ सालको महालेखा प्रतिवेदनका अनुसार वन तथा भू-संरक्षण मन्त्रालय र यो मन्त्रालय अन्तर्गतका विभाग तथा आयोजनामा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP), जापान सहयोग नियोग (JICA), डेनिस सहयोग नियोग (DANIDA), युरोपेली समुदाय (EU) लगायतका दातृ संस्थाहरूबाट प्राविधिक सहायता अन्तर्गत प्राप्त नीलो प्लेटका सवारी साधनहरू विभागीय प्रमुख तथा आयोजना प्रमुखहरूले प्रयोग गरेको उल्लेख गरेको छ ।

# महिला बेचबिखनको रोकथाममा भएको लगानीः आर्थिक अपारदर्शिताको नमूना

*– अञ्जु क्षेत्री*

**सारांश** :

"मुम्बईमा व्यस्ततासँगै बढेका छन् वेश्यालय र नेपाली चेली"

"वर्षेनी बाह्र हजार चेलीहरु यौन व्यवसायका निम्ति विदेशिन बाध्य"

"इलाममा चालीस चेली बेपत्ता, एक सय तीसको उद्धार"

वेश्यावृत्तिका लागि बेचिएका बालिका तथा महिलासँग जोडिएका यस्ता समाचारहरु नेपालको छापा सञ्चार माध्यममा दिनहुँ आइरहने सामान्य विषय भएका छन् । प्रत्येक दिनजसो पत्रपत्रिकामा समाचार बन्ने गरेको यो विषय मुलुकको एउटा गम्भीर जटिल सामाजिक समस्या हो ।

नेपालको बालिका तथा बेचबिखनको समस्या भारतीय यौनबजारमा बलजफ्ती गराइने बेश्यावृत्तिसँग प्रत्यक्ष गाँसिएको छ । यस समस्याको रोकथामका लागि काम गर्ने संस्थाहरुका अनुसार अहिले पनि हरेक वर्ष ठूलो सङ्ख्यामा बालिका तथा महिलाहरु भारतका विभिन्न शहरहरुमा लगेर बेचिने गरिन्छ । यस समस्याको रोकथामका लागि धेरै संख्यामा राष्ट्रिय अन्तर्राष्ट्रिय तहका सरकारी र गैरसरकारी संस्थाहरु सक्रिय रहेका छन् । गैरसरकारी संस्थाका प्रयासहरुका साथै श्री ५ को सरकार र संयुक्त राष्ट्र संघका निकायहरुले पनि महिला बेचबिखनको रोकथामका लागि संयुक्त प्रयासमा ठूला कार्यक्रम तथा परियोजनाहरु चलाएका छन् । श्री ५ को सरकार र संयुक्त राष्ट्रसंघीय कार्यदलको संयुक्त प्रयासमा सञ्चालन भइरहेको जित परियोजना कार्यक्रम महिला बेचबिखन रोकथामका लागि सञ्चालन भइरहेको यस्तै एउटा बृहद् परियोजना हो । यस परियोजनाको प्रथम चरणमा अमेरिकी डलर २,०५८९३ लगानी भएको थियो । दोस्रो चरणको निम्ति कुल लगानी अमेरिकी डलर ९५०,००० अथवा ७६ करोड नेपाली रुपियाँ छुट्याइएको छ । दोस्रो चरणको कार्यक्रम सन् २००४ सम्मका लागि तय भएको छ ।

महिला बेचबिखन नेपाली समाजको एउटा गम्भीर सामाजिक समस्या हो । यस सामाजिक समस्याको विरुद्धमा सम्पूर्ण नेपाली समाज एक भएर स्वयंसेवी रुपमा लड्नुपर्ने हो । तर अब त्यस्तो हुने सम्भावना कम हुँदै गएको छ । यो आरोप लगाउन किन पनि सकिन्छ भने महिला बेचबिखन समस्याको विरुद्धमा सामाजिक आन्दोलन हुनुपर्छ र सामाजिक आन्दोलन ल्याउनका लागि काम गरिरहेका छौं भनेर दावा गर्ने संघ संस्थाहरु आफ्नो संस्थाको आर्थिक स्रोत खुलाउने आँट गर्न सक्दैनन् । अर्कातिर महिला बेचबिखन विरुद्धमा आन्दोलन ल्याउन आर्थिक सहयोग उपलब्ध गराएर सघाउ पुऱ्याइरहेका दातृ संस्थाहरु पनि कुन संस्थालाई के-कति सहयोग उपलब्ध गराइरहेका छन् भनेर पारदर्शी हुन सकिरहेका छैनन् । दातृ र गैरसकारी संस्थाहरु बजेटको पक्षमा पारदर्शी हुन नसक्नुले यस क्षेत्रमा स्रोतको धेरै दुरुपयोग भइरहेको छ भनेर सजिलै अनुमान लगाउन सकिन्छ ।

महिला बेचबखिनजस्तो सामाजिक समस्याको समाधान र रोकथामको लागि नागरिक समाज र गैरसरकारी संस्थाहरुले पहल गर्नु राम्रो कुरा हो । तर दातृ तथा गैरसरकारी संस्थाहरुको अपारदर्शी चरित्रले यस कार्यलाई शङ्कास्पद बनाइदिएको छ । महिला बेचबिखन रोकथामका लागि लिएका साधनस्रोतहरु के-कस्ता कार्यक्रम र गतिविधिहरुका लागि कसरी खर्च भइरहेका छन् र यस पक्षमा काम नदोहोरियोस् भन्नाका लागि दातृ समूहबाट अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को संयोजनमा २१ संस्थाको समूह पनि गठन भएको छ । तर अहिलेसम्म उक्त समूहले पनि प्रभावकारी रुपमा काम गर्न सकिरहेको छैन । यसको कारण दातृ

संस्थाहरु पनि सहयोग दिने पक्षमा पारदर्शी हुन सकिरहेका छैनन् । आर्थिकरुपले पारदर्शी हुन नसक्नु र नचाहनुले यस समस्याको समाधानको लागि का मगर्ने दातृ तथा गैरसकारी संस्थाहरुबाट भ्रष्टाचार र साधनस्रोतको व्यापक दुरुपयोग भइरहेको हुनुपर्छ ।

नेपालमा प्रजातन्त्र आएपछि लागू गरिएको नेपाल अधिराज्यको संविधानले मानव बेचबिखन तथा ओसारपसार कार्यलाई निषेध गरेको छ । संविधानले मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि राज्यलाई मार्गदर्शन गरेको छ । यसैगरी नेपालले महिला बेचबिखनको रोकथामका लागि बनेका विशेष अन्तर्राष्ट्रिय महासन्धि तथा संयन्त्रलाई अनुमोदन गरी राज्यले आफ्नो प्रतिबद्धता जनाएको छ । सरकारी र गैरसरकारी सबै क्षेत्रबाट महिला बेचबिखनका लागि धेरै कामहरु भएका छन् र गरेका छौं भनेर भन्दै आइरहेका छन् । यसै सन्दर्भमा नेपालमा लामो समयदेखि महिला बेचबिखनको रोकथामका लागि आन्दोलन गर्दै आउनुभएकी दुर्गा घिमिरेलाई विगत १२ वर्षमा महिला बेचबिखनलाई नियन्त्रण गर्ने काममा कति सफलता पाइएको छ त भनेर सोढ्ा उहाँ भन्नुहुन्छ "महिलाको बेचबिखनमा कमी आएको कुरा त भन्न सक्ने अवस्थामा नै छैन । विभिन्न संस्थाहरुले बेचिने महिलाको सङ्ख्या बढिरहेको छ भनेर तथ्याङ्क निकालिरहेका छन् । यसैले प्रगतिका सन्दर्भमा यति मात्र भनन सकिन्छ, यस समस्याको विषयमा समाजमा जनचेतनामा बृद्धि आएको छ ।"

महिला बेचबिखनको रोकथामका लागि विगत १० वर्षमा भएको खर्चलाई अनुसन्धान गर्दा अरबौं रुपियाँ देखिन आउँछ भने अर्कातिर महिलाको बेचबिखनमा यति कमी आएको छ भनेर भन्न गैरसरकारी तथा सरकारी निकायका मानिसहरु सक्दैनन् । यसले के देखाउँछ भने दातृ संस्थाहरुले बाँडेको पैसाको भरमा महिलाको बेचबिखन हुने कार्यलाई रोक्न सकिंदैन । यसका लागि सरकार, समाज र मुलुकले अन्य विकल्पहरुका बारेमा सोच्नुपर्ने भइसकेको छ । तर यसो भनेर महिला बेचबिखनको रोकथामका लागि प्रवाह भइरहेको आर्थिक लगानीलाई पूर्णरुपले रोक्नुपर्छ चाहिँ भन्न सकिंदैन । यस क्षेत्रमा भइरहेको खर्चलाई प्रभावकारी रुपले नियमित
*(रेगुलेट)* गर्ने काम हुनुपर्छ ।

# महिला र कानुनी अधिकार सन्दर्भमा प्रजातन्त्र पूनर्स्थापनापछिका बाह्र वर्ष

*– मञ्जु थापा*

**सारांश :**

बहुदलिय प्रवजातन्त्रमा सबै तह, वर्ग, लिंग र समूहका जनताले विकास गर्ने र आफ्नो जीवनस्तर सुधार्ने समान खुला अवसर पाउँछन् भन्ने विश्वासमा २०४६ सालको जनआन्दोलन भयो र आन्दोलनको सफलताले मुलुकमा बहुदलिय प्रजातन्त्रको पुनर्स्थापना पनि भयो । त्यसयता महिलालाई कानूनी रुपमा सशक्त बनाउन र विद्यमान कानूनी अधिकारमा महिलाको पहुँचलाई सुगम बनाउन धेरै सक्रियताहरु भएका छन् । यसका निम्ति सरकारी गैरसरकारी निकायहरुले दातृ संस्थाको सहयोगमा समेत विभिन्न किसिमका गतिविधिहरु सञ्चालन गरेका छन् ।

सरकारीस्तरमा महिला मन्त्रालय र त्यस मातहतको केन्द्रीय महिला कानूनी सहायता समिति तथा स्थानिय र राष्ट्रियस्तरका गैरसरकारी संस्थाहरु यस क्षेत्रमा क्रियाशिल छन् । यी संघसंस्थाहरुले बितेका केही बर्षयता महिला र कानूनको विषयलाई लिएर राष्ट्रिय चर्चाको विषय बनाउन तथा बेलाबेलामा अन्तर्राष्ट्रिय मञ्चहरुमा उठाउन पनि निकै ठूलो भूमिका खेलेका छन् । यस बीचमा यी संस्थाहरुले मूलतः विद्यमान नियम कानूनहरुको अध्ययन अनुसन्धान गरी कमी कमजोरी छुट्याउने, भेदभावमूलक प्रावधानलाई संशोधन गराउन सर्वोच्च अदालतमा रिट दिने, मस्यौदा धिवेयक बनाउने, सम्बन्धित निकायलाई कानून संशोधन गर्न पैरवी गर्ने, असमर्थ व्यक्तिहरुलाई कानूनी सहयोग पुऱ्याउने, कानूनी परामर्श उपलब्ध गराउने, भेदभावमूलक कानूनका सम्बन्धमा आमजनता र सरोकारवालाहरुमा जनचेतना जगाउने तथा सम्बन्धित विषयको प्रचारप्रसार गर्ने जस्ता कामहरु गर्दै आएका छन् ।

यस्ता गतिविधिहरु मार्फत् बितेका बाह्र वर्षभरि ऐन कानूनमा रहेका भेदभाव र त्रुटिहरुलाई सुधार्न प्रशस्त प्रयास गर्नुपऱ्यो र यो क्रम अझै पनि जारी छ । यसबीचमा महिलाको कानूनी अधिकारसम्बन्धी केही विषयहरु अलि बढी नै चर्चित भए । पैतृक सम्पत्तिमा महिलाको समान अधिकार, गर्भपतन गर्न पाउने महिलाको स्वेछिक अधिकार, ज्यू मास्ने-बेच्ने कार्य उन्मूलन गर्ने ऐन, नागरिकतामा समान अधिकार, बलात्कारसम्बन्धी प्रभाकारी कानूनको आवश्यकता, घरेलु हिंसा उन्मूलन गर्ने सम्बन्धमा कानूनको निर्माण, वैवाहिक बलात्कारमा सजायँपूर्ण व्यवस्थाको आवश्यकता, पारिवारिक अदालतको स्थापना, राष्ट्रिय महिला आयोगको स्थापना, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) को विषय आदि यस बीचमा उठेका महत्वपूर्ण सवालहरु थिए ।

तर यी सवालहरुमा चाहिएजस्तो सुधार र संशोधन गर्ने कुरामा केही उपलब्धिहरु हासिल भए पनि हुनुपर्ने जति कामहरु अझै पनि हुन सकेका छैनन् । २०५९ साल असोज १० गते राजाबाट लालमोहर लागेको मुलुकी ऐनको एघारौं संशोधन विधेयकले छोरीको पनि जन्मने बित्तिकै सम्पत्तिमा समान अधिकार, विधवाको सम्पत्तिमा अधिकार, अपुतालीमा अविवाहित छोरीको हक, बन्द इजलासको व्यवस्था, बलात्कारमा परेकी महिलाको अंश हक, महिलालाई गर्भपतनमा सीमित अधिकार जस्ता केही अधिकारहरु प्रदान गरेको छ । स्थानीय निकायमा महिलाका लागि पद आरक्षण, प्राथमिक विद्यालयमा एक जना शिक्षक महिला अनिवार्य हुनुपर्ने व्यवस्था, निजामति सेवामा प्रवेश गर्न महिलालाई थप सुविधा जस्ता प्रावधान पनि उपलब्धिकारुपमा रहेका छन् । जीउ मास्ने-बेच्ने तथा ओसारपसार गर्ने कार्य निषेध ऐन, २०५९, र घरेलु हिंसासम्बन्धी ऐन पनि यस बीचमा संसद्‌बाट पारित भएका छन् ।

तर यससँगसँगै असफलताहरुको सूची पनि निकै लामो छ । छोरीको विवाहपछि बाँकी रहेको सम्पत्ति माइतीका हकदारलाई फर्काउनुपर्ने विशेष शर्त विधेयकमा पर्नु नेपाली महिलाहरुको कानूनी हैसियत उकास्न भएको अनवरत लडाइँमा एउटा

ठूलो हार हो । महिलाको नागरिकतामा समान अधिकारसम्बन्धी दुई-दुईवटा रिट निवेदन सर्वोच्चमा परे पनि त्यस्तो कानून संशोधन हुन सकेको छैन । गत वर्ष राष्ट्रिय महिला आयोग त बन्यो तर त्यसलाई स्वतन्त्र र स्वायत्त बनाउन कानून बनाइएन । पारिवारिक अदालतको स्थापना गर्नुपर्ने माग धेरै वर्षदेखि उठेको र त्यसको मस्यौदा विधेयक बनाइए पनि अहिलेसम्म पारिवारिक अदालतको स्थापना गर्ने ऐन बन्न सकेको छैन ।

यसरी लगातार प्रयासहरु गर्दागर्दै पनि असफलताहरु हात लाग्नु र अपेक्षित तथा आवश्यक उपलब्धिहरु हासिल गर्न नसक्नुमा विभिन्न किसिमका कमी कमजोरीहरु जिम्मेवार रहेका छन् । यस क्षेत्रमा भएको आर्थिक लगानीका सम्बन्धमा खोजी गर्दा सम्बन्धित संघसंस्थाहरु जवाफ दिन तयार छैन् । उनीहरुले या त आफ्नो आर्थिक हिसाब-किताबको दुरुस्त तथ्याङ्क नराखेर या अरुलाई देखाउन नचाहेर हिसाब-किताब लुकाइरहेका छन् । तर जे भए पनि उनीहरुको यो प्रवृत्ति अपरादर्शी र अप्रजातान्त्रिक देखिन्छ । महिलाका कानूनी अधिकारसम्बन्धी सवालहरुको प्राथमिकताक्रम तोक्ने र सवालहरुलाई उठाउने कुरामा दातृ संस्थाहरुको निकै ठूलो अनुचित भूमिका रहने गरेको छ ।

यहाँ एकातिर धेरै गैससहरुले एउटै कामका लागि अलग-अलग ठाउँबाट आर्थिक सहयोग ल्याएर उही काम दोहोऱ्याएर गर्ने प्रवृत्ति छ । उदाहरणका लागि, महिला, कानून र विकास मञ्च नामक संस्थाले २०५७ सालमा विश्व बैंकको करिब १२ हजार अमेरिकी डलरको सहयोगमा संविधान, ऐन, नियम तथा नियमावलीका कुन कुन प्रावधानहरु भेदभावपूर्ण छन् र तिनले महिलामाथि कस्तो असर पारेका छन् भनेर एक अध्ययन गरेको थियो । तर त्यसको ठीक एक वर्षपछि कानून, अनुसन्धान तथा सेवा केन्द्रले एसएनभी नेपाल नामक अन्तर्राष्ट्रिय संस्थाको १४ लाख रुपैयाँको सहयोगमा त्यस्तै अर्को अनुसन्धान गऱ्यो । उक्त अध्ययन पहिलोभन्दा तात्विक रुपमा भिन्न देखिंदैन ।

यहीनेर बिर्सन नहुने कुरा के छ भने महिलाका कानूनी अधिकार हासिल गर्ने प्रयासहरुमा गैरसरकारी संस्थाहरु र तिनको नेतृत्वमा रहेका व्यक्तिहरुको अडान बेला-बेलामा अत्यन्त फितलो र कमजोर हुने गरेको छ । गैससहरुको आवाजलाई प्रतिनिधित्व गरिरहेका व्यक्तिहरुको सम्झौतापरस्त व्यवहारले महिलाले पाउनुपर्ने धेरै कानूनी अधिकार ऐन बन्दासम्म अधूरोरुपमा मात्र महिलाको पक्षमा पर्न आएका छन् । महिलाको समान साम्पतिक अधिकारसम्बन्धी ऐन र राष्ट्रिय महिला आयोगको स्थापना यसका सबैभन्दा दुःखलाग्दा उदाहरणहरु हुन् ।

यस क्षेत्रमा अहिलेसम्म भएका कामहरुलाई केलाउँदा अब कामको तरिका अलि फेरिनु आवश्यक देखिएको छ । अब सरोकारवाला समूहरुले असर परेका व्यक्तिलाई कानूनी सहयोग उपलब्ध गराउने, कानूनी दस्तावेजमा सारभूत समानताका पक्षहरु व्यवस्थित गर्न दबाब दिने, अधिकारको उपभोगमा रहेका असमानता हटाउन प्रयास गर्ने, आपसी समन्वय र सहयोगको वातावरण सृजना गरी कामहरु नदोहोऱ्याउने, दातृ संस्थाभन्दा मुलुकको आवश्यकता अनुसारका सवाललाई प्राथमिकता दिने जस्ता कुराहरुमा ध्यान दिनुपर्छ । साथै प्रजातान्त्रिक व्यवस्थामा गरिने कुनै पनि काम खुला हुनुपर्ने हुँदा यस्ता संस्थाहरुले आफ्ना कामकारवाही र आर्थिक हिसाब-किताबहरुलाई पारदर्शी बनाउनु पनि उत्तिकै आवश्यक छ ।

## आयआर्जन कार्यक्रमः
## महिलाका निम्ति सहयोगी तर आंकलन गर्न नसकिने लगानी

*– अञ्जु क्षेत्री/मञ्जु थापा*

**सारांश :**

"फूलोदेवीले मिहिनेतको मिठो फल पाएकी छन् । व्यापारबाट भएको आम्दानीले पन्ध्र हजार रुपैयाँ खर्च गरेर उनीहरुले सानो घर पनि बनाएका छन् । हाल उनीहरुसँग दुईवटा भैंसी, दुई-दुईवटा खसी बाखा, एकहल गोरु, दुईआना सुन, सात तोला चाँदी छन् । ..........पैंतीस रुपैयाँबाट थालेको व्यापारबाट फूलोदेवीले गरेको उन्नति साँच्चै नै हेर्न लायकको छ ।" (स्मारिका, २०५७, स्वावलम्बन विकास केन्द्र)

अत्यन्त सानो लगानीबाट काम शुरु गरेर उत्साहलाग्दो सफलता पाएका फुलोदेवी जस्तो महिलाहरु अब धेरै भइसकेका छन् । मुलुकमा चलाइएका आयआर्जन कार्यक्रमबाट यस्ता उपलब्धिहरु हासिल गरेर धेरै महिलाले आफ्नो जीवनमा आधारभूत परिवर्तनको महसुस गर्न पाएका छन् । यसबाट उनीहरुले बाँच्नका लागि गतिलो आधार र छोराछोरीलाई शिक्षाको उज्यालो देखाउन सकेका छन् । महिलालाई लक्षित गरेर सरकारी र गैरसरकारी तहबाट सञ्चालित यस्ता कार्यक्रमहरु सञ्चालन गर्नुको मूल उद्देश्य महिलाहरुलाई गरिबीबाट उकास्नु र मुलुकको गरिबी निवारणमा सहयोग पुऱ्याउनु हो ।

मुलुकमा गरिबी रेखामुनि रहेका ४२ प्रतिशत जनसङ्ख्या र अति गरिब १७.१ प्रतिशत जनता छन् तर तीमध्ये महिलाहरु कतिको सङ्ख्यामा छन् भनेर कुनै अध्ययन नै हुन नसकेको दुःखलाग्दो स्थिति छ । यति हुँदाहुँदै पनि देशमा हाल सञ्चालित गरिबी निवारणसम्बन्धी अधिकांश कार्यक्रमहरुमध्ये महिलाका लागि आयअर्जन कार्यक्रमले धेरै प्राथमिकता पाएको छ । यस्ता कार्यक्रम सरकारी क्षेत्रमा अतिरिक्त सयौं स्थानीय र राष्ट्रिय स्तरका गैरसरकारी संस्थाहरु तथा नेपालमा कार्यरत १०० भन्दा बढी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुमध्ये ८०-८२ वटाले पनि महिला-लक्षित आयआर्जन (लघु वित्त) कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

सामान्यतया महिलाका लागि लक्षित आयआर्जन कार्यक्रममा दुई किसिमको लगानी गर्ने गरेको देखिएको छ । पहिलो त, धेरैजसो सरकार र ठूला आकारका संस्थाहरुद्वारा सञ्चालन गरिएका आयआर्जन कार्यक्रमहरु दातृ संस्थाहरुद्वारा सहयोग जुटाउने र सोही सहयोगलाई विभिन्न समूहमार्फत् लक्षित समूहमा लगानी गरी परिचालन गर्ने गरिन्छ । दोस्रो, केही गैरसरकारी संस्थाहरुले लक्षित समूहका व्यक्तिहरुबाट नै नियमित रुपमा थोरैथोरै बचत गरेर र त्यसमा आफ्नो तर्फबाट पनि केही अनुदान थपिदिएर सामूहिक रुपमा कर्जा लगानी गर्ने, त्यस्ता समूहलाई सहकारीमा दर्तागर्ने र समूहका सदस्यहरुको अन्य क्षमता बृद्धि गर्ने काम गर्ने गरेका छन् । अहिले मुलुकभरि ने महिलाहरुलाई समूहमा ल्याएर सक्रिय बनाउने पहिलो कार्यक्रम नै बचत कार्यक्रम भएको छ जसलाई स्थानिय र स्तरका संघसंस्थाहरुले सञ्चालन गरिरहेका छन् । यस्तो कार्यक्रममा सरकारी क्षेत्र, सरकारी स्वामित्वमा भएका संस्था र गैरसरकारी संस्था गरी तीन किसिमका संस्थाहरुको सलग्नता रहेको छ ।

गरिबी निवारण र महिला सशक्तिकरणको मूलआधार महिलाहरुको आर्थिक आत्मनिर्भरता हो भनेर स्वीकार्ने धेरै गैरसरकारी संस्थाहरुले महिलाहरुका निम्ति आयआर्जन कार्यक्रमलाई आफ्नो मुख्य गतिविधि बनाउने गरेका छन् । राष्ट्रिय तहमा कार्यरत गैसस मात्र होइन, स्थानीय तहमा भर्खर-भर्खर काम थाल्ने सामुदायिक क्लब वा समूहहरुले पनि बचत लगानी कार्यक्रमलाई आफ्नो सुरु कार्यक्रमका रुपमा सञ्चालन गर्ने गरेका पाइन्छन् । यस्तो अवस्थामा के कति गैससहरुले महिलालाई आफ्नो लक्षित समूह बनाएर यस्ता कार्यक्रमहरु गरेका छन् भनेर यकिन रुपमा भन्न सकिने अवस्था छैन किनभने यस क्षेत्रमा भएको कामको समन्वय गर्ने वा अनुगमन गर्ने प्रभावकारी निकाय नभएको हुनाले कहाँ कुन कुन संस्थाले आयआर्जन कार्यक्रम

सञ्चालन गरेका छन् र लगानी कति छ भनेर थाहा पाउन सकिंदैन । वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त त्यस्ता संस्थाहरुले वित्तीय मध्यस्थता ऐन २०५५ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरेको हुनुपर्छ । तर वित्तीय कारोबार गर्न इजाजत दिने नेपाल राष्ट्र बैंकले पनि त्यस्ता संस्थाहरुले के कस्तो काम गरेका छन् भन्ने सम्बन्धमा कुनै अनुगमन गर्ने गरेको छैन ।

जेहोस्, सक्रियताका हिसाबले हेर्दा ग्रामीण स्वालम्बन विकास केन्द्र, सर्वाङ्गीण विकास अध्ययन केन्द्र, निर्धन उत्थान बैंक, स्वालम्बन विकास केन्द्र, ग्रामीण विकास बैंक, विकास आयोजना सेवा केन्द्र, छिमेक समाज सेवा संस्था, निम्न उत्पादन भएकाहरुका लागि सहयोग कार्यक्रम, प्याक्ट, नेपाल ग्रामीण विकास समाज केन्द्र, महिला सहकारी संस्था, महुली सामुदायिक सेवा महिला विकास केन्द्र, नेपाल ग्रामीण विकास संस्था, नेपाल ग्रामीण पुनर्निर्माण, नारी चेतना केन्द्र, महिला पुनर्स्थापना केन्द्र, एबिसी नेपाल, नारी विकास संघ, वातावरण तथा कृषि नीति अध्ययन र विकास आदि महिला आयआर्जनको क्षेत्रमा काम गर्ने केही गैरसरकारी संस्थाहरु हुन् ।

समग्ररुपमा नेपालमा सञ्चालित लघु वित्त कार्यक्रमहरुको प्रभालाई केलाउँदा यसले निरपेक्ष गरिबीको रेखामुनि रहेका विपन्न परिवारको जीवनस्तरमा सुधार, वित्तीय सेवाको पहुँचमा सरलता र उच्च कर्जा असुली दरलाई बृद्धि गरेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनले हालसालै गरेको सर्वेक्षणले लघु वित्त सेवाको उपलब्धिलाई ग्राहकको वार्षिक आय २२ प्रतिशतले बृद्धि, प्रति परिवार तीनजनालाई थप रोजगारी, बेरोजगारलाई अर्ध-रोजगार र अर्ध-रोजगारलाई पूर्ण-रोजगार बनाउने लगायतका सफलता प्राप्त भएको जनाएको छ । तर यसबाट महिलाहरु मात्रै विशेष रुपमा के कति कसरी लाभान्वित भएका छन् भनेर थाहा पाउने कुनै अध्ययन वा दस्तावेजहरु छैनन् ।

महिलाहरुका लागि सञ्चालित आयआर्जन कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्दा महिला विकास विभागका विज्ञ सल्लाहकार नरहरि ढकाल भन्नुहुन्छ– “गाउँका पिछडिएका भनिएका गरिब महिलाहरुले पनि भरपर्दो माध्यम पाएमा बचत गर्न सक्दा रहेछन् भनने प्रमाणित भएको छ ।” उहाँका अनुसार, यस्ता कार्यक्रमबाट व्यवसाय गरेर महिलाहरु धनी नभए पनि बाँच्न भने सक्छन् । महिलाका लागि सञ्चालित कार्यक्रम राहतमुखी भएको अनुसन्धानकर्ता संगीता खड्का बताउनुहुन्छ । यस्ता कार्यक्रमले महिलाको जीवनस्तर नै माथि उठाउन नसके पनि महिलालाई घरबाट बाहिर ल्याएको छ ।

केही वर्षयता विपन्न र गरिबीलाई कम गर्ने अचुक अस्त्रको रुपमा लघु कर्जा कार्यक्रमलाई प्रयोग गर्न थालिएको छ । नेपालको सन्दर्भमा करिब चार दशक पहिलदेखि नै लघु कर्जा कार्यक्रम सुरु गरिएको हो । सुरुका दिनमा विभिन्न वाणिज्य बैंकहरु र कृषि विकास बैंकले साना किसान विकास आयोजनाहरु मार्फत् लघु कर्जा कार्यक्रम सञ्चालन गरेका थिए । तर पनि यस्ता कार्यक्रमहरुबाट तुलनात्मक रुपमा गरिबी निवारणको क्षेत्रमा आशातीत सफलता वा अपेक्षित लक्ष प्रापत हुन नसकेको महसुस हुन्छ । तर यस्ता कार्यक्रमहरुले केही मात्रामा भए पनि महिलालाई घर बाहिरको सार्वजनिक जीवनमा ल्याउन र आर्थिक उन्नतिका अवसरहरु भेट्टाउनमा पुऱ्याएको सहयोग आफैमा महत्वपूर्ण छ ।